"एसिड आक्रमणमा परेका पिडितहरुको औषधी उपचार सम्बन्धी कार्यविधी, २०७८" मा सूचिकृत चार वटा डेडिकेटेड अस्पतालहरु मध्ये कीर्तिपुर अस्पतालले एसिड आक्रमणमा परेका पिडितलाई मिति २०७७/०५/२९ गते देखि मिति २०७८/०९/०८ गते सम्म औषधी उपचार सेवा प्रदान गरे बापतको सोधभर्ना रकम भुक्तानीको लागि माग गरी प्रतिवेदन सहित निवेदन श्री नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा अन्तर्गत सामाजिक स्वास्थ्य सुरक्षा शाखामा पेश भई भुक्तानीको लागि भुक्तानी सिफारिस समितीमा पेश गर्दा सो समितिले विश्लेषण गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको शुल्क निर्धारण समितीको राय लिई अस्पतालबाट माग गरिएको रकम सहीत सम्बन्धित दस्तावेजहरु रुजु एवं विश्लेषण गरी भुक्तानी विवरण तयार पारी निर्णयका लागि मिति २०७९/०२/०४ गते बिहान ९:०० बजे "एसिड आक्रमणमा परेका पिडितहरुको औषधी उपचार सम्बन्धी कार्यविधी , २०७८" को  दफा ७ मा उल्लेख भएको "भुक्तानी सिफारिस समिती" को बैठक समितीका अध्यक्ष एवं स्वास्थ्य सेवा विभागका श्रीमान् महानिर्देशक डा. दिपेन्द्र रमण सिंह ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितीमा बसी देहाय बमोजिमको निर्णयहरु गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १. | महानिर्देशक, श्री डा. दिपेन्द्र रमण सिंह<br>स्वास्थ्य सेवा विभाग | अध्यक्ष |
| २. | निर्देशक, श्री डा. पवन जंग रायमाझी<br>उपचरात्मक सेवा महाशाखा | सदस्य |
| ३. | प्रमुख, श्री भुवन प्रसाद काफ्ले<br>आर्थिक प्रशासन शाखा, स्वा.से.वि | सदस्य |
| ४. | प्रमुख, श्री रेश राज शर्मा<br>कानुन शाखा, स्वा. तथा ज.म. | सदस्य |
| ५. | निर्देशक, श्री प्रा. गोमा देवी निरौला श्रेष्ठ<br>नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा | सदस्य सचिव |

**आमन्त्रित / सहभागीहरु**

१. श्री प्रेमकाजी महर्जन, उपसचिव, स्वा.से.वि

२. श्री डा. अभियान गौतम, शाखा प्रमुख, सामाजिक स्वास्थ्य सुरक्षा शाखा

३. श्री मेनुका मोक्तान, न.अ, सामाजिक स्वास्थ्य सुरक्षा शाखा

**सहयोगीहरु**

१. श्री नारायणी कर्माचार्य, न.अ, सामाजिक स्वास्थ्य सुरक्षा शाखा

२. श्री तिलकराम ढकाल, ले.पा, आ.प्र.शा

३. श्री सीता भण्डारी, क.स, सामाजिक स्वास्थ्य सुरक्षा शाखा

**प्रस्तावहरु**

१) "एसिड आक्रमणमा परेका पिडितहरुको औषधी उपचार सम्बन्धी कार्यविधी , २०७८" बमोजिम कीर्तिपुर अस्पताल, कीर्तिपुरलाई एक जना एसिड आक्रमणमा परेका पिडितलाई औषधी उपचार दिए बापतको मिति २०७७/०५/२९ गते देखि मिति २०७८/०९/०८ गते सम्मको सोधभर्ना माग रकम भुक्तानी सम्बन्धमा ।

२) विविध

एसिड आक्रमणमा परेका पिडितहरुको औषधी उपचार भुक्तानी सिफारिस समितीको २०७९/०३/०४ गतेको निर्णयहरु

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०७९/०१/२७ गते श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रीमान् सचिवस्तरीय बैठकको निर्णयमा उपयुक्त शैय्या सम्बन्धी शुल्क निर्धारण भए बमोजिम कीर्तिपुर अस्पताल, कीर्तिपुरलाई एक जना एसिड आक्रमणमा परेका पिडितलाई औषधी उपचार दिए बापतको मिति २०७७/०५/२९ गते देखि मिति २०७८/०९/०८ गते सम्मको सोधभर्ना माग रकममा समायोजन गरी "एसिड आक्रमणमा परेका पिडितहरुको औषधी उपचार सम्बन्धी कार्यविधी, २०७८" बमोजिम जम्मा रु. ८०,६७४ (अक्षरुपी अस्सी हजार छ सय चौहत्तर रुपैंया मात्र ) सोधभर्ना भुक्तानी दिने निर्णय गरियो।

| **क्र.सं** | **अस्पतालको नाम** | **बिरामी संख्या** | **माग रकम** | **निर्णय रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | कीर्तिपुर अस्पताल, कीर्तिपुर | १ | रु. ९८,८४४.२२।- | रु. ८०,६७४।- | |

(अक्षरुपी अस्सी हजार छ सय चौहत्तर रुपैंया मात्र ।)

एसिड आक्रमणमा परेका पिडितहरुको औषधी उपचार भुक्तानी सिफारिस समितिको २०७९/०२/०४ गतेको निर्णयहरु